नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-:सार्वजनिक हित,स्वास्थ्य,सुरक्षा,सु.र नै. बिरुद्धको कसूर ।

मि.नं.-५१९ , दायर मिति-:२०७९-०३-१३

फैसला मिति-२०८०-०६-०४

| वादी | प्रतिवादी |
|---|---|
| नारायणी अस्पताल बिरगंजको पत्र जाहेरीले नेपाल सरकार-------------------------------१ | जिल्ला बारा फेटा गा.पा.वडा नं.७ घरभै जिल्ला पर्सा बी.म.न.पा.वडा नं.१५डेरागरी बस्ने बर्ष ४८ को शत्रुधन पाण्डे---------------------------------१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

**१.प्रतिवादीले चिकित्सक डा.नागेन्द्र प्रसाद गुप्तालाई हातपात गरी अभद्र व्यवहार गरेको भन्ने नारायणी अस्पताल बिरगंजको पत्र जाहेरी दरखास्त।**

**२. चिकित्सक डा.नागेन्द्र प्रसाद गुप्तालाई हातपात गरी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका प्रदिप साह समेतको घटनाविवरण कागज।**

**३.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।**

**४.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।**

## ठहर-खण्ड

**यसमा मिति २०७८।१२।१ गते जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.४ स्थित नारायणी अस्पताल बीरगंजमा ड्युटिमा रहेका डा.नागेन्द्र प्रसाद गुप्तालाई अपशब्द प्रयोग गरी गाली गलौज तथा हातपात गर्दै अभद्र व्यवहार गरेको भन्ने घटनास्थल मुचुल्का तथा नारायणी अस्पताल बिरगंजको पत्रले जाहेरी दरखास्त, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम फरार प्रतिवादी शत्रुधन पाण्डेलाई जरिवाना रु १०,०००।- गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।**

## तपसिल खण्ड

**१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम फरार प्रतिवादी शत्रुधन पाण्डे लाई जरिवानाको हकमा रु १०,०००।- असुलउपर गर्न जिल्ला प्रहरी कार्यालय ,पर्सालाई पत्र लेख्नु।-----------------------------------------१**

**२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु------------------------------------------------------------------------------------------१**

**३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------१**

**४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-**

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल असोज महिना ०४ गते रोज ५ शुभम् ......................